

२०७५ साल, वर्ष १, अंक ३ (मंसिर)

लाटोकोसेरो संरक्षण सबैका लागि

# हाप्सिलो

(लाटोकोसेरो सम्बन्धी चौमासिक पत्रिका)



## यो अंकमा

संसार बदल्न खोज्ने लाटोकोसेरोको भव्य बिदाई ..........................२
मुसामार्न प्रयोग गरिने गममा टाँसीएको त्यो लाटोकोसेरो.............३
नेपाल लाटोकोसेरो तथा हुचिल उत्सव २०१९ प्रेस नोट ...............५
कविता : गोल सिमल ........................................................................७
लाटोकोसेरोको अनलाईन व्यापार ..................................................८
उद्दार ......................................................................................................९
संक्षिप्त समाचारहरु .........................................................................१०
प्रजाति चिनारी.......................................................................................११
कथा...........................................................................................................१२

तुलनात्मक रुपमा बिश्लेषण गर्ने हो भने नेपालले संरक्षणका क्षेत्रमा गरेका प्रयासहरु विश्वमा अग्रणी मानिन्छ। उदाहरणका लागि बाघको सङ्ख्या दोब्बर गर्ने प्रयास, गिद्ध जोगाउने प्रयास, हिउँ चितुवाको अनुसन्धान, गैँडाको स्थानान्तरण। यी सबै प्रजातीहरू अन्तर्राष्ट्रिय संरक्षण संघद्वारा विश्वमै दुर्लभको सुचिमा सुचिकृत छन्। सबैभन्दा ठुलो कुरा यिनका लागि अन्तर्राष्ट्रिय संघ-संस्थाहरुबाट आर्थिक सहायता जुट्ने गर्दछ। यी बाहेकका प्रजातीहरुको अनुसन्धान र संरक्षण चासो नहुनु दुर्भाग्यपूर्ण हो। लाटोकोसेरो तथा हुचील पनि सोही समुहमा पर्छन्। यसका लागि स्थानीय निकाय र केन्द्र सरकारले ध्यान नदिने हो भने मुसा खाएर किसानलाई सहयोग गर्ने यी प्रजातीहरु थप संकटमा पर्ने निश्चितप्रायः छ।

**-सम्पादक-**

## संसार बदल्न खोज्ने लाटोकोसेरोको भव्य बिदाइ !

२१ वर्षीय यो लाटोकोसेरोको नाम एलाइस हो। यिनले २० वर्षसम्म पुऱ्याएको योगदानको अनुसन्धानकर्मी, संरक्षणकर्मी, पर्यटन व्यवसायी, राजनितीज्ञ सबैले मुक्तकण्ठले प्रशंसा गरिरहेका छन्। यिनको बिदाइकोलागि अन्तर्राष्ट्रिय लाटोकोसेरो केन्द्रले यही नोवेम्बर ३ तारिख मिनोसोटाको होस्टनमा बिहान ११ बजे देखि दिऊँसो २ बजे सम्म विशेष कार्यक्रम नै राखेको थियो। यो बिषयलाई अमेरिकाका संचारमाध्यमले निकै राम्रो स्थान दिएका थिए।

हजारौँ मानिसले एलाइसलाई छोएका छन्। यिनलाई अगाडी राखेर यिनी लगायत अन्य लाटोकोसेरोको बारेमा जानकारी पाएका छन्। यिनका बारेमा डकुमेन्ट्री बनेको छ। आवाजलाई स्थानीय रेडियो प्रसारण गरेका छन्। यिनका बारेमा किताबमा उल्लेख गरिएको छ। गत वर्षसम्म विश्व लाटोकोसेरो महोत्सवमा भने झन् यिनी आकर्षणको केन्द्रमा रहेकि थिइन।

सबै भन्दा ठुलो कुरा यिनकै कारणले सुरु भएको 'विश्व लाटोकोसेरो महोत्सव' नेपाल, इटाली, अमेरिका र यस वर्षदेखि भारतमा पनि सुरु गर्न लागिएको छ। पहिलो पटक ३०० जनाबाट सुरु भएको यस महोत्सवमा गत वर्ष करिब २४०० पर्यटकहरू आएका थिए। एक हप्तासम्म मनाइने सो महोत्सवमा सहरको जनसङ्ख्या भन्दा बढी पर्यटकहरूले होस्टन भ्रमण गर्दछन्।

सन् २०१० मा एलाइसलाई 'वोल्ड आउल हल ओफ फेम लेडी ग्रेल' पुरस्कार द्वारा सम्मान गरिएको थियो।




*कार्ला ब्लोयेम (जस्ले एलाइसको हेरविचार गर्ने कानूनी रुपमा जिम्मा पाएकी छिन् ) र हाईन ब्लोयेम (कार्लाका पती) का साथ, एलाइस*

## अनुभव : मुसामार्न प्रयोग गरिने गममा टाँसीएको त्यो लाटोकोसेरो !



**ऋषि बराल**
**सूचना तथा संरक्षण अधिकृत**
**अन्नपुर्ण संरक्षण क्षेत्र आयोजना**
**राष्ट्रिय प्रकृति संरक्षण कोष**

कार्तिक १६, २०७४, शुक्रबार । संधै जसो अफिस पछि बाहिर गएर चिया पिउने गर्थ्यौं । राजु दाईसँग फोन गरी चिया पिउन वन क्यापसमा भेट्ने कुरा भयो । भेटेर चिया पकाउन भनेका मात्रै थियौं राजु दाईको फोन बज्यो । एउटा लाटोकोसेरो मुसालाई मार्न राखेको गममा टाँसीएको खबर थियो । दाजु र म चिया पछि पिउँला भनेर त्यहाँबाट हिंडीहाल्यौं । सृजना चोक कृष्ण बरालको घरमा जाँदा उनि खुसि भए । अर्का कृष्ण दाई पनि थिए। अर्काको घरमा त्यस्तो अवस्थामा भेटिएको त्यो सानो डुन्डुललाई जतनका साथ एउटा खाली कार्टुनमा हाली कसैले डिस्टब नगर्ने ठाउँमा राख्नु भएको रहेछ । उद्दार गरिएको लाटोकोसेरो तनावमा रहने हुनाले कार्टुनमा प्वाल पारेर हावा लाग्ने, हल्ला नहुने ठाउँमा राख्दा पनि बचाउन सकिन्छ । उँहाले तेसै गर्नु भएको थियो।

त्यो 'ठुलो डुन्डुल' लाटोकासरो रहेछ । त्यसको अवस्था निकै दयनिय थियो । मुसा मार्न राखेको गममा परि त्यसका दुवै पखेटा र खुट्टा ,अनि पछाडि पट्टि निकै मज्जासगँ टाँसीएको थियो। उ हेर्न त सक्थ्यो तर केहि गर्न सक्थेन् । पासोमा मुसा समात्न गएर टाँसीएको हुनुपर्ने अनुमान गरियो ।

के गर्ने भनेर बिलखबन्दमा पर्‍यौँ। जिल्ला वन कार्यालय, कास्कीमा खबर गर्ने कि ? भन्ने विचार पनि आयो । पहिला पहिला जिल्ला वन कार्यालय, कास्कीमा खबर गर्दा 'हजुरहरुनै विज्ञ आफै उपचार गर्नुस न भन्थे, कि त पचभैया चिडियाखानामा पठाउनुहोस्' भनेको याद आयो । चिडियाखानामा पनि प्राबिधिक कोहि थिएन। भो पहिला यसलाई बचाउने तिर लागौं भन्ने भयो । गम पो कसरी निकाल्ने होला भनेर चिन्ता लाग्न थाल्यो ।

एक दुई जना भेटनरी डाक्टरलाई पनि सोध्यौ । गमलाई हटाउन मटितेल, पेट्रोल र तारपिन तेल प्रयोग गर्न सकिन्छ भन्ने त थाहा थियो तर त्यसको गन्धले लाटोकोसेरोलाई थप असर गर्न सक्थ्यो । मैले 'म लैजान्छु र सफा गर्छु' भने । त्यसलाई मोटरसाइकलमा राखेर लेकसाइड स्थित 'होटले क्राउन हिमालय' मा लगियो । त्यहाँ दुईजना जनावरलाई माया गर्ने पुस्कल नेपाल र दिपेन्द्र चौधरी थिए । मैले लाटोकोसरो ल्याएको छु भन्ने बित्तिकै दुवै जना आइहाल्नुभयो । दिपेन्द्र दाजुले 'सफा गरिदिऊँ!' भन्नुभयो, तर यो एकदमै तनावमा भएकोले 'भोलि विहानै गरौंला' भने। राती सुरक्षित ठाउँमा राख्यौ ।

भोलि बिहानै पुस्कल भाई र दिपेन्द्र दाईले त्यसलाई सफा गर्न गर्न थाल्नु भयो । सफा कपडामा तरपिन तेल हाली एक जनाले समातेर र अर्कोले विस्तारै गम निकाल्न थालियो । करीब २ घण्टामा सम्पूर्ण सफा भयो । सफा भएपछि अलि बाठो जस्तो भयो । तेलको बास्नाले हामीलाई पनि अफ्ठ्यारो परिरहेको थियो। दुई दिन देखि गममा टाँसीएको लाटोकोसेरो थकित थियो।

पूर्ण रुपले सफा गरेपछि अर्को काटुनमा राख्यौं र थोरै मासु पनी । मासु भने खादै खाएँन । मैले राजु दाईलाई प्रगति सुनाएँ। उहाँ एकदमै खुसी हुनुभयो । मैले लाटोकोसेरोले केहि नखाएको जानकारी दिएँ। उहाँले भन्नु भयो 'धेरै नै पिडामा भएर हुनसक्छ विस्तारै खान्छ होला' । रातभरी निद्रा लागेन। भोलि फेरी पुगें। अर्को दिन चुपचाप थियो। उडाउने प्रयाश पनि सफल हुन् सकेन।

अर्को दिन विहानै पुस्कल भाइले फोन गर्यो र मरेको खबर सुनायो । म अचम्म भए र राजु दाईलाई फोन गरें । हामी स्तब्ध भयौं। गमबाट छुटकारा पाएको दुई दिनसम्म बाँचेको थियो। वन्यजन्तुको अस्पताल वा पुनर्स्थापना केन्द्र भएको भय बचाउन सकिन्थ्यो जस्तो लाग्थ्यो । नजिकैको बारीमा गाडियो। लाटोकोसेरोको स्वस्थ उपचार गर्ने व्यवस्था नभय सम्म लाटोकोसेरोहरु यसरी नै मरिरहने छन्।



*लाटोकासेरो सफा गर्नु अघि*



*लाटोकासेरोलाई  सफा गर्ने क्रममा*



*पुस्कल नेपाल  र दिपेन्द्र चौधरी पखेटा सफा गर्दै*



*सफा गरे  पछि लाटोकोसरो आराम गर्दै*

*तस्विरहरु :ऋषि बराल*

## *नेपाल  लाटोकोसेरो तथा हुचील उत्सव २०१९ प्रेस नोट*

'लाटोकोसेरो तथा हुचील संरक्षणमा हातेमालो गरौं' भन्ने नाराका साथ खोटाङ जिल्लाको जाल्पामा यहि माघ १८ र १९ मा नेपाल लाटोकोसेरो तथा हुचील उत्सव २०७५ को आयोजना हुँदै छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालीका वडा नम्बर १२ जालपा तथा प्रकृतिका साथीहरु नामक गैर सरकारी संस्थाको आयोजनामा यो उत्सव गर्न लागिएको हो । यसका लागि श्री विकास राईको संयोजकत्वमा 'नेपाल लाटोकोसेरो तथा हुचील उत्सव' आयोजक मूल समिति गठन गरिएको छ । त्यस्तै गरी टंक राईको अध्यक्षतामा सल्लाहकार समिती र कार्यक्रमलाई सफल बनाउन थप ११ वटा उपसमीतीहरु समेत गठन गरिएको छ । जिल्ला समन्वय समितीका प्रमुखको संयोजकत्वमा सबै गाउँपालिका प्रमुखहरु सदस्य रहनेगरि उत्सव संयोजन समिती समेत गठन गरिएको छ । उक्त उत्सवको लागि दिक्तेल रुपाकोट मझुवागढी नगरपालीका, प्रकृतिका साथीहरु, १ नम्बर प्रदेश सरकार तथा अन्य गाउँपालीकाहरु लगायत विभिन्न संघ संस्थाहरुले आर्थिक सहयोग गरेका छन् ।

किसानको साथी भनेर चिनिने तर संरक्षणको हिसाबले ओझेलमा परेको लाटोकोसेरो तथा हुचीलहरुको संरक्षणका लागि यो उत्सव आयोजना गर्न लागिएको हो । स्थानीय सांस्कृतिक कार्यक्रम तथा खेलहरुको माध्यमबाट पर्यापर्यटन प्रबर्धन गर्ने उद्धेश्य समेत राखिएको छ । नेपालमा यस किसिमको उत्सव मनाउन थालिएको ७ वर्ष भएको छ । यसअघि यो उत्सव धादिङ, चितवन, नवलपरासी, गोरखा, कास्की, कपिलवस्तु र दोलखा जिल्लामा सम्पन्न गरि सकिएको छ । यस किसिमको उत्सव नेपालबाहेक अमेरिका र इटालीमा पनि मनाइन्छ । यसवर्षदेखि भारतको पुनेमा पनि मनाउन थालिएको छ ।

उत्सव शूरु हुनु दुई हप्ता अघि नै विभिन्न विद्यालयहरुमा लाटोकोसेरो चेतना शिवीरहरु सञ्चालन गरिने छ। उत्सवको पहिलो दिन चरा अवलोकन , प्रकृतिको फोटो खिच्ने कार्यक्रम, लाटोकोसेरा सम्बन्धी लघु म्युजियम प्रदर्शनी, स्थानीय  लोपोन्मुख खेलहरु (घिर गाडे, झुलो चकमक, लाथ्रो काट्ने) को प्रर्दशनी तथा प्रतियोगिता गरिने छ भने राती लाटोकोसेरोको महत्व दर्शाउने खालका स्लाइड तथा भिडियो प्रदर्शनी गरिने छ । दोस्रो दिन संरक्षण, संस्कृतिलाई विशेष जोड दिइने छ । उत्सवलाई जिवन्त बनाउन स्थानीय डम्फु र सेलो (तामाङ), सेब्रु (शेर्पा), साकेला (तोसी) र मारुनि (राई), संगिनि नाच (हिन्दु महिलाहरुको), सालैजो (गुरुङ), बालन, सडक नाटक, हाक्पारे गित (बुढा बुढीहरुको लयमा गाईने नेपाली भाषाको गित), स्थानिय बाजाहरु (एकैसाथ मुर्चुङ्गा, पीपीरी, यलम्बर, मादल, बासुरी) को प्रदर्शनी समेत गरिनेछ । वन विज्ञान अध्ययन संस्थान पोखराका विद्यार्थीहरुले लाटोकोसेरो संरक्षण सम्बन्धि नाच समेत प्रर्दशन गर्नेछन् ।

उक्त अवसरमा लाटोकोसेरो सम्बन्धी विद्यालयस्तरीय चित्रकला, निबन्ध, कथा तथा कविता प्रतियोगिता समेतको आयोजना र प्रदर्शनी गरिनेछ । सोही, प्रदर्शनीमा लाटोकोसेरोको जानकारी भएको सूचनाहरु, चित्रहरु, तथा फोटोहरुको प्रदर्शनी समेत गरिने छ । गहुँको छ्वालीबाट, चुराबाट तथा माटोबाट बनाइएका लाटोकासेरोहरु समेत प्रदर्शनीमा राखिनेछन् । आठवटा लाटोकोसेरोको आवाज सुन्न मिल्ने व्यवस्था मिलाइएको छ । उत्सवमा सहभागी हुने जो कसैका अनुहारमा तथा नङमा लाटोकोसेरो तथा हुचीलको चित्रसमेत बनाइने व्यवस्था गरिएको छ । उत्सवमा लाटोकोसेरोको रोबोटको समेत प्रदर्शनी गरिनेछ । त्रिभुवन विश्वविद्यालय अन्तर्गत प्राकृतिक विज्ञान संग्रहालयबाट लाटोकोसेरोको नमुनाहरु पनि प्रदर्शनीमा राखिनेछ ।

लाटोकोसेरो तथा हुचील उत्सवको सम्झनामा एक महोत्सव स्तम्भ समेतको निर्माण सम्पन्न भएको छ । सो अवसरमा स्थानिय रुपमा उत्पादन भएका सामाग्रीहरुको प्रदर्शनी तथा विक्रीवितरणको समेत व्यवस्था गरिएको छ ।

**Apple International Pharmaceutical Pvt. Ltd. Kathmandu, Nepal** को सहयोगमा माघ १७ र १८ गते निशुल्क स्वास्थ शिवीर समेत गर्न लागिएको छ । उक्त अवसरमा दाँत र महिला सम्बन्धि रोगहरुको उपचारलाई प्राथमिकता दिइने छ ।

**प्रकृति संरक्षण पुरस्कार २०१९**

उत्सवको अन्तिम दिन तीनजना नेपाली संरक्षणकर्मीलाई संरक्षणको क्षेत्रमा गरेको योगदानको कदर गर्दै 'प्रकृति संरक्षण पुरस्कार' समेत दिन लागिएको छ । संरक्षणकर्मीहरुलाई जनही नगद रु. २५,००० सहित ताम्रपत्र तथा दोसल्लाबाट सम्मान गरिने छ । यस वर्ष पुरस्कृत हुनेहरुमा कास्की पोखराका अनुसन्धान तथा सरंक्षणकर्मी श्री रामजी  गौतम, नेपालको सबैभन्दा जेठो चरा सम्बन्धी संस्था नेपाल पंक्षी संरक्षण संघ र बर्दियाका पत्रकार यादव आचार्य (अन्नपूर्ण पोष्ट र एपी १) रहेका छन् ।

वन्यजन्तु अनुसन्धान र संरक्षणको काममा योगदान गरेका उत्कृष्ट संस्थाहरु मिथीला वाईल्डलाइफ ट्रष्ट (धनुषा) र हिमालयन नेचर (काठमाण्डौ) लाई पनि दोसल्ला र प्रमाणपत्रले सम्मान गर्न लागिएको छ ।

थप जानकारी तथा सहयोगको लागि

स्थानीय सहयोग (लाटोकासेरो तथा हुचील उत्सव आयोजक समिति)
विकास राई (संयोजक) ९८४१७७१९९५

प्रचारप्रसार तथा सञ्चार उपसमीती

दिलबहादुर राई ९७५३००५२००, ९८०७७९६३४०
विक्रम राई ९८४२८७७५६७

पाहुना सत्कार तथा व्यवस्थापन

धर्मराज राई ९८०५३१८६५७
मनी कुमार राई ९८०७७९६३४०

उत्सवका प्राविधिक पक्ष तथा अन्य जानकारीका लागि
राजु आचार्य (कार्यकारी निर्देशक, प्रकृतिका साथीहरु) ९८४१३०८२६६
यादव घिमिरे (निर्देशक, वन्यजन्तु अनुसन्धान, प्रकृतिका साथीहरु) ९८४९२६६०२६
श्याम सुवेदी (अधिकृत, लेखा तथा प्रशासन) ९८०८३५७८२१

**(पुष २० गते खोटांगको सदरमुकाम दिक्तेलमा आयोजित पत्रकार सम्मेलनको क्रममा वितरित प्रेष नोट)**

# कविता : गोल सिमल



**हेमराज बास्तोला**
**पोखरा २२, कास्की**

जब जब
मङ्सिर लाग्छ,
धानबाली भित्र्याउन
फाँटभरी कुन्युहरु
फुटालिन्थे।

चुटदा चुट्दै
कुनियो घट्दै जादा
दंदेराले भन्ने गर्थे:
गोल सिमल छोप्नुपर्छ।
म बबुरो नबुझेर
सोधे।

हजुरबा! के हो यो?
गोल सिमल भनेको,
उत्तर आयो जबाफमा : चरो।
किम्बदन्ती सुन्ने गर्थे,
लगाउछ रे कुनियोभित्र
गुंड यस्ले।

धान धेरै हुन्छ अरे,
त्यो चरालाई कुनियोमा भेटे।
अनि आज कुरो बुझे
दुर्लभ अनि निशाचरी
बोक्दोरैछ रहस्य
यसरी।

लुकिछिपी
बसेर दिनभरी
जाग्दो रैछ रातभरी
लेकाली बनहरुमा
तेसैले त महत्व
ठूलो हुदो रैछ
पहाडमा।
यो लेकाली
उल्लुको।




*तस्विर : हेमराज बास्तोला*

# लाटोकोसेरोको अनलाईन व्यापार

प्रकृतिका साथीहरुका युवा वन्यजन्तु अनुसन्धानकर्मीहरुको समूहले नेपालका केही वेबसाइट हेरेपछि अचम्ममा परेका छन् । किनकि अहिलेसम्म अनलाइनमा वन्यजन्तु बेच्न राखेको उनीहरूलाई थाहा थिएन । सो मध्येको एक लिङ्कमा बाग्लुंग जिल्लाको गल्कोट क्षेत्रमा पालिएको एउटा लाटोकोसेरो बिक्रीमा राखिएको जानकारी थियो । लाटोकोसेरो बच्चा थियो र त्यसको मूल्य तोकिएको थियो १० हजार । जून १०, २०१८ तारिखमा अपलोड गरिएको सो जानकारी नेपालको चर्चित अनलाइन खरिद बिक्री साइट 'हाम्रो बजार डट कम' मा थियो । सो लाटोकोसेरो बिक्रीमा राख्नको लागि गल्कोट नगरपालिका-६ का शङ्कर थापा जून ९ मा सो अनलाइनको सदस्य भएका थिए ।

सो जानकारी पाउने बित्तिकै बाग्लुंग जिल्ला बन कार्यालयले सो नियन्त्रणका लागि प्रयास गरेको थियो । एक अमुक खरिद कर्ता भएर पठाइएको इमेलको थापाले जवाफ दिएनन् । उनलाई यस अघि नै लाटोकोसेरो बेच्नु अवैध होइन र ? भन्ने प्रश्न अर्कै एकजनाले राख्दा ' हा हा अवैध रे ..सबिधानमा त लेखेको छैन त ' भनेर अनलाइनमा जवाफ फर्काएका थिए । जिल्ला बन कार्यालयको इमेल पछि उनले सो सामग्री हटाए । जिल्ला बन कार्यालयले खोजी कार्यलाई जारी राखेको जनाएको छ । थप जानकारी ।


Owlet On Sale - buy or sell Bra
Facebook
hamrobazaar.com/i1415716-owlet-on-sale.html

**General Details**

| | |
|---|---|
| Ad Id: | 1415716 |
| Ad Views: | 277 |
| Ad Post Date: | 10-06-2018 |
| Ad Expiry Date: | **10-07-2018** (in 25 days) |

**Seller Details**

| | |
|---|---|
| Sold by: | Shankar thapa |
| Member Since: | 09-Jun-2018 |
| Email: | Send Email |
| Location: | Bamiya,Malma-6<br>Galkot municipality<br>Baglung |
| Mobile Phone: | Member has chosen not to disclose phone number. Contact member through email. |

**Be safe. Beware of fraud & scams.**

You agree and understand that Hamrobazar.com is NOT involved in transaction of any goods/services listed in the website. It is only platform to share information.
You are directly contacting the person who has posted the advertisement, and agree not to hold Hamrobazar.com responsible for their act in any circumstances. We strongly encourage you to take necessary precaution. For more read Safety Tips

**Description**

Fresh owlet and rear

**Pricing Details**

| | |
|---|---|
| Price: | Rs. 10,000 |
| Price Negotiable: | Yes |
| Condition: | Brand New (not used) |
| Used For (year or month): | 25days |



***हाम्रो बजार डट कममा ब्यापारको लागि राखिएको लाटोकोसेरो***

## उद्धार

**मंसिर ९** कास्की जिल्ला वार्ड नम्बर ८ निवासी रामजी बरालले घाइते अवस्थामा भेटेको गोठे लाटोकोसेरो Barn Owl लाई उद्दार गरि १ दिन घरमा राखेर सकुशल प्राकृतिक वासस्थानमा छोडेका छन्।

**अषार २८** काठमाडौँको कुपण्डोलबाट हरि भण्डारीले ठुलो डुन्डुल **Asian Barred Owlet** उद्दार गरि केन्द्रीय चिडियाखानामा बुझाएका छन्।

**मंसिर** रबिन्द्र पुन मगर, दिभ्याँसु पाण्डे र चिरन्जीवी खनालको प्रयासमा मकवानपुरको कारा भन्ने स्थानबाट गोठे लाटोकोसेरो Barn Owl को उद्दार गरि डिभिजन वन कार्यालय मकवानपुरमा हस्तान्तरण गरिएको छ।

**श्रावन २४** कास्की जिल्ला, पोखरा वडा नम्बर १२ स्थित माटेपानीबाट राजु आचार्यको पहलमा ३ महिना देखि घरमा पालिएको २ वटा कोचल गाँडे लाटोकोसेरो Spotted Owlet को उद्दार गरि नजिकै प्राकृतिक बासस्थानमा छोडियो।

**असोज २७** गते काठमाडौँ उपत्यकाबाट बिमल राज श्रेष्ठ तथा अभिशेक श्रेष्ठले ठुलो डुन्डुल **Asian Barred Owlet** उद्दार गरि, प्रारम्भिक उपचार पछि सकुशल प्राकृतिक बासस्थानमा छोडेका छन्।

**पुष २५** गते गाउँबाट उद्दार गरि ल्याइएको अपरिपक्क गोठे लाटोकोसेरो Barn Owl डिभिजन वन कार्यालय ओखलढुंगा जिल्लामा राखिएको जानकारी वन अधिकृत सिला पोख्रेलले फोटो मार्फत जानकारी गराउनु भएको छ।



*उपचारको क्रममा लाटोकोसोर र संरक्षणकर्मी बिमल राज श्रेष्ठ (तस्विर :अभिशेक श्रेष्ठ )*

## संक्षिप्त समाचारहरु

प्रकृतिका साथीहरु सँस्थाद्वारा 'नेपाल लाटोकोसेरो तथा हुचील उत्सव' को सहयोगार्थ अनलाईनबाट आर्थिक श्रोत जुटाउने प्रयास गरिएको थियो। यसका लागि अन्तराष्ट्रिय लाटोकोसेरो केन्द्रले सहयोग गरेको थियो । सो क्रममा करिब एक लाख पचास हजार रकम संकलन भएको थियो ।

सरकारले वन्यजन्तु संरक्षणको सूचि परिमार्जन गर्न लागेको छ । वन्यजन्तुको संरक्षण सूचिमा चराका नौ वटा प्रजाति रहेकोमा अहिले परिमार्जन गरी त्यसमा लाटोकोसेरोको केहि प्रजातिलाई पनि सरकारले चांडै नै थप्ने तयारी गरेको छ । केही महिनामा नै यो सूचि परिमार्जन गर्ने तयारी भएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको संशोधनमा लाटोकोसेरोका केही प्रजातिलाई सूचिकृत गरिएको छ । ऐनमा सबै प्रजातिका चरामध्ये ४ अनुसूचि बनाउने तयारी छ । अनुसूचि १ मा ४० प्रजाति , २ मा ८१ , ३ मा ४० र ४ मा बाँकी रहेका ७१७ प्रजाति सूचिकृत गर्ने तयारी भएको छ ।

वन बिज्ञान अध्ययन संस्थान हेटौंडा स्थित नेपाल पन्छी संरक्षण संघमा आबद्ध बिधार्थीहरुद्वारा भुटनदेवी मा वि मा 'लाटोकोसेरो संरक्षण चेतना शिविर सन्चालन गरिएको छ। उक्त शिविर 'अन्तर्राष्ट्रिय लाटोकोसेरो सचेतना' दिवसको अवसर पारेर अगस्त ४ तारिखका दिन सम्पन्न भएको छ ।

साउन १९ गतेका दिन कास्की जिल्लाको पोखरा स्थित रेडियो सफलता १०३.४ र सगरमाथा एफ यममा बिश्व लाटोकोसेरो कोषका नेपाल प्रतिनिधि राजु आचार्य द्वारा लाटोकोसेरोका विभिन्न आयामहरुका बारेमा छलफल कार्यक्रममा सहभागी ।

पुष ११ गते लाटोकोसेरो (गोठे लाटोकोसेरो) ओसारपसारमा संलग्न रहेको आरोपमा केन्द्रीय अनुसन्धान ब्यूरो र डिभिजन वन कार्यालय काठमाडौँले दुई जनालाई पक्राउ गरेको छ पक्राउ पर्नेमा भोजपुर षडानन्द नगरपालिका–१२ बस्ने नकुल तामाङ र सर्लाहीको साविक नारायणखोला गाविस–४ घर भई हाल काठमाडौँ महानगरपालिका–३१ दीर्घशान्ति टोल बस्ने रङ्गबहादुर रहेका छन् ।



**तस्वीर: नेपाल प्रहरी**

***भूलसुधार*** *: हप्सिलो अंक २ मा कालपेचक लाटोकोसेरोको उद्दार टोलीमा ऋषि बराल समेत सहभागी भएको तर नाम छुटेकोले सच्याईएको छ ।*

# प्रजाति चिनारी



**नाम** कोचलगाँडे लाटोकोसेरो Spotted Owlet

**उचाइः** ७५ मिटरदेखि १५२५ सम्म तर कहिलेकाहिं २७४५ मिटरसम्म

**अनुमानित संख्याः** अध्ययन नभएको

**नेपालमा अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**अन्तर्राष्ट्रिय अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**आवाजः** चिर्रर् चिर्रर् चिर्रर् चिर्रर् त्यस्तै चित्कारपूर्ण उचुचुचु च्या च्या च्या च्या

तस्वीरः लोजीक श्रेष्ठ

## कथा : लाटोकोसेरो कि बाठोकोसेरो?

धैरै समयअघि एउटा वनमा लाटोकोसेरो र हात्ती एकदमै मिलेर बसेका थिए । उनीहरू एक अर्काको सहयोग गर्न कहिल्यै पछि पर्दैनथे । रातको समयमा लाटोकोसेरोले शत्रुहरू आउँदा हात्तीलाई जानकारी गराउँथ्यो । हात्तीलाई मनपर्ने फलफूल पनि उसले खसालिदिन्थ्यो ।आफू भने शत्रुहरू आएको बेला हात्तीका ढाडमा चढेर सहारा लिन्थ्यो । यिनीहरू वन र खोलामा सँगसँगै हिँड्थे । यिनको मित्रताको चर्चा सबैतिर फैलिएको थियो ।



चित्र : रोशन भण्डारी

ती दुवैजना बसेको क्षेत्र एउटा राजाको राज्य भित्र पर्दथ्यो । राजा निरंकुश थियो । राजा नराम्रा कामहरूले गर्दा सो क्षेत्रमा चर्चित तर, बद्नाम थिए । एक दिन ती सन्काहा राजालाई हात्तीको मासु खान मन लागेछ । उनले आफ्ना सेनाहरूलाई जसरी पनि लाटोकोसेरोसँग हिँड्ने हात्ती नै ल्याउनु भनेछन् । सेनाहरू जंगल गएर हात्तीलाई सबैकुरा भनेछन् । यो सुनेर हात्ती र लाटोकोसेरो दुवैजना खुब रोएछन् । हात्ती विदा हुनुअघि लाटोकोसेरोले आफू पनि सँगै जाने भनेर जिद्दी गर्न थालेछ । लाटोकोसेरोले आफूलाई पनि सँगै लैजान र राजाले केही सोधेमा जवाफ मैले दिन्छु भन्नु भनेछ । दुवैजना दरबार पुगेपछि राजाले हात्तीको अन्तिम इच्छा सोधेछन् । हात्तीले पनि पूर्व सल्लाहअनुसार आफ्नो बारे लाटोकोसेरोले बताउने भनेछ । राजाले भनेछन् ‘ल भन, के भन्न लागिस ।’ ‘सरकारले साँच्चै पुऱ्याउने हो भने मात्र भन्छु नत्र भन्दिन,’ लाटोकोसेरोले यति भनेपछि राजाले पनि हुन्छ भने । लाटोकोसेरोले भन्यो ‘मेरो विवाह गर्ने उमेर भयो, हजुरकी छोरीको पनि उमेर पुग्यो । हामी दुईजनाको विवाह गरिदिनुस् ।’ यो सुनेर राजा रीसले मुर्मुरिए । भने ‘यस्तो वाहियात कुरा पनि गर्ने हुने कुरा पो गर्नुपर्छ । कताको लाटोकोसेरो जस्तो नराम्रो चरा, कता यति राम्री मेरी छोरी यो सुनेर लाटाकोसेरोले पनि भन्यो ‘कुखुराको मासु खानुस्, खसीको मासु खानुस् । किन हात्तीको मासु खाने नमिल्ने कुरा तपाँईले गरेको कि मैले गरेको’ यसपछि राजालाई अनुभव भयो- यो लाटोकोसेरोसँग सकिन्न भनेर । राजाले मन मनै सोचे ‘छोरी दिनुभन्दा बरु यसको साथीलाई नै फिर्ता गर्दिन्छु ।’ राजाले हात्तीलाई छोड्ने आदेश दिएछन् । दुवै मितहरू खुसी-खुसी वनतिर फर्के । लाटोकोसेरोको बाठोपनले गर्दा हात्ती बाँच्यो । यसैले मानिसहरू लाटोकोसेरोलाई बाठोकोसेरो पनि भन्छन् ।


*लाटोकोसेरो कि बाठोकोसेरो ? पुस्तकबाट साभार*

# अन्तमा




*बाजुरा जिल्लामा २ बर्ष अघि बेच्नको लागि राखिएको चस्मे उलुक*

**'प्रकृतिका साथीहरु'**को चौमासिक प्रकाशन
**हाप्सिलो**
**अवधारणा** : राजु आचार्य
**सम्पादकीय समूह** : राजु आचार्य र यादव घिमिरे
**पाहुना भाषा सम्पादक** : रमेश पोख्रेल
**लेख, रचना तथा सम्पर्कका लागि** : naturesfren@yahoo.com



आफ्नो आकार बराबरको माटिकोरे चरालाई आहारा बनाउदैं लाटोकोसेरो (तस्वीर: उत्सव जंग थापा)